## (जगदम्बा-श्रीद्वारा सम्मानित श्री भैरव रिसालको उद्‌गार)

**आदरणीय अध्यक्षज्यू, प्राज्ञ बालकृष्ण पोखरेलज्यू, युवामित्र कृष्ण धरावासीज्यू तथा उपस्थित साहित्यिक बन्धुहरू,**

सञ्चारका विभिन्न माध्यममार्फत नेपाली भाषाको विकासमा सघाएको भनी म जस्तो यौटा अदना मान्छेलाई यत्रो सम्मानित 'जगदम्बा-श्री' पुरस्कार दिने निर्णय गर्ने निर्णायक मण्डलीमा मुटुदेखिकै कृतज्ञता ग्रहण गरिदिनुहुन विनम्र आग्रह गर्छु। वस्तुतः नेपाली म भाषाविद् हुँदैहैन यौटा विद्यार्थी मात्र हुँ र, विद्यार्थी र नेपाली भाषामा काम गर्ने पत्रकारका नाताले जे जति गर्न सक्थें गरें। बढी नभनौं यसबारेमा। धेरै बोले बिग्रन्छ होइन र? 'जगदम्बा-श्री' पुरस्कार पाउँदा मेरो छाती नाइलाजत्रो भएको छ, पाथी भात खाएजस्तो भएको छ।

'जगदम्बा-श्री' पुरस्कारको रकम मेरो औकातमा निकै वृहत् हो। तथापि बिहानबेलुकी चुल्हो नबल्ने स्थितिमा बाहेक यस्ता अप्रत्याशित रूपमा प्राप्त हुने रकम एवं अन्य साधन अरूका निम्ति लगाउन पाउँदा मन आनन्द हुन्छ र सन्तोष लाग्छ। म आफ्नो बारेमा 'भोक न भकारी' को सूत्र र सिद्धान्तको अर्थशास्त्रमा विश्वास गर्छु, जसले मेरो स्वास्थ्य तन्दुरुस्त राख्न सघाएको ठान्छु। मैले पाएको पुरस्कारको यो राशि यौटा कोषमा राखी त्यसको ब्याजबाट हुम्ला जिल्लामा स्वास्थ्य र चेतना विस्तारका निम्ति आलोपालो गरी अनमि (असिस्टेन्ट नर्स मिडवाइफ) र आधारभूत पत्रकारिताको अध्ययन गर्न एकएक जना युवापुस्तालाई वार्षिक रु. १२ हजारको सहयोग पुऱ्याउने इच्छा लागेकाले यसो गर्न यो विशिष्ट उपस्थितिबाट अनुमतिको विनम्र याचना गर्छु। यस सानो प्रयासले हुम्लाको सामाजिक, आर्थिक, राजनीतिक

परिवर्तनमा किञ्चित् पनि योगदान गर्नसक्यो भने उत्तम हुनेछ। केन्द्रको साधन न्यून भए पनि हुम्लामा जनशक्ति विकासमा प्रयोग हुनु नराम्रो पक्कै होइन होला भनी हुम्लाको स्वास्थ्य र चेतना अभिवृद्धिमा लगाएर 'जगदम्बा-श्री' पुरस्कारको स्वयंमा श्रीवृद्धि र उच्च सम्मान गर्ने हाम्रो पारिवारिक अठोट हो।

के स्वाभाविक हो भने हरेक वस्तु र घटनाको ठम्याई आ-आफ्नो हैसियतअनुसार हुनेगर्छ। यी दुई पुरस्कारका बारेमा पनि टिप्पणी हुनु अनौठो र आश्चर्य भएन। मसँग एक जना विद्वान्ले यी पुरस्कारलाई 'घण्टी झुन्ड्याएको' भन्नुभयो। म चुप लागें। यसका पक्षमा विपक्षमा मानिस हुनु सामान्य नै हो जस्तो लाग्यो। मेरो मौनता नै प्रत्युत्तर भयो।

प्रस्तुत पुरस्कारलाई नाम चलेकै कति जनाले नेपालको नोबेल पुरस्कार, नेपालकै म्यागासेसे पुरस्कार भनेको पाएँ। म 'मदन पुरस्कार' मदन पुरस्कारै हो र 'जगदम्बा-श्री' पुरस्कार जगदम्बा-श्री पुरस्कारै हो। तसर्थ यिनलाई अरू पुरस्कारको सादृश्यमा हेर्न चाहन्नँ। यस्तो मन पर्छ मलाई। मैले सुनेको यौटा घटना यहाँ राख्न अनुमति चाहन्छु। उहिलेको कुरा हो यो। वाइ.बी. (यसवन्त राव, बलबन्त राव) चौहान शिक्षालयमा पढ्दा उनका गुरुले कक्षाका सबै विद्यार्थीलाई सोधे रे! तिमी के वा को जस्तो बन्न चाहन्छौ। अरू अरूले को जस्तो को जस्तो बन्न चाहन्छु भनेछन् परन्तु, वाइ.बी.चौहानले भने– 'म वाई.बी. चौहान नै बन्न चाहन्छु' भनी आफ्नो पृथक् परिचय राख्ने विशेषता अभिव्यक्त गरेछन्। म यस्तो अलग परिचय मन पराउँछु। तसर्थ भन्छु 'मदन' र 'जगदम्बा-श्री' पुरस्कार न म्यागासेसे हो न त हो नोबेल पुरस्कार नै। म्यागासेसेको बारेमा मलाई धेरै थाहा छैन यद्यपि केही नेपाली नागरिकले पाइसक्नुभएको छ। तर नोबेल पुरस्कारको छनौट प्रक्रियासँग म सहमत छैन। कवि दुर्गालाल श्रेष्ठ पाँच पैसाको पुरस्कारलाई पनि यी दुई पुरस्कारभन्दा कम ठान्नुहुन्न। पुरस्कार रकमबाट भन्दा अरूबाट मूल्याङ्कन हुन्छ।

पुरस्कारहरूको चर्चा गर्दा किं वा टिप्पणी गर्दा प्राप्ति यद्वा अप्राप्तिपछि अन्तर हुनु हुँदैन भन्ने लाग्छ। पुरस्कार चाकडी, चपलुसीको माध्यम बन्नु हुँदैन। अर्कोपल्ट पनि पुरस्कृत हुने लोभ र लिप्साबाट प्रशंसा वा स्तुति गरिनु हुँदैन। एकपल्ट पनि पाइन भनी निन्दा वा घृणा गरिनु पनि राम्रो हुँदैन। 'घण्टी फुन्ड्याउने' प्रवृत्ति र अपेक्षा-अनुरूपको परिणाम आउँदा र नआउँदाको अवस्थाका पृथक् प्रतिक्रिया वस्तुतः सार्थक हुँदैनन्। निरपेक्ष टिप्पणी दिने, पाउने र नपाउने तिनै पक्षका निम्ति श्रेयष्कर हुन्छ भन्ठान्छु। छोडौं यी गन्थन।

नेपालको ८५ वर्षअघिको एउटा समाचारको बारेमा यहाँ चर्चा गर्न अनुमति माग्छु। त्यसको सङ्क्षिप्त विवरण: फर्पिङ जल विद्युत् योजना राणाशासनको उत्तरार्द्धमा श्री ३ चन्द्रशमशेरका पालामा वि.सं. १९६८ मा सम्पन्न भएको हो। १९६७ मा प्रारम्भ गरी दुई वर्ष नपुग्दै सम्पन्न भएको हो। त्यतिबेला जबकि सम्पूर्ण सामान रक्सौलदेखि भरियामार्फत बोकाएर ल्याउनुको विकल्प थिएन। त्यो योजनाको क्षमता ५०० किलोवाटको मात्र हो। यस योजनाको उद्घाटन राजा त्रिभुवनबाट ८ जेठ १९६८ का दिन सम्पन्न भएको हो। तर सो समाचार १६ जेठको 'गोर्खापत्र' मा छापियो। यस्ता आश्चर्य लाग्ने त्यसबेलाका काम, कारबाही आजको पत्रकारिताले खोतल्नु नजाती होला र?

*सबै जङ्गी निजामतीलाई उर्दी २ बजे। चन्द्र शमशेर आए ५ बजे, १८ तोपको सलामी भयो। राजा त्रिभुवन सवा ५ बजे आए, २१ तोपको सलामी भयो। ब्रिटिश रेजिडेन्ट भने राजापछिमात्र आए। त्यो हेर्दा नेपाल ब्रिटिश उपनिवेशबाट कति स्वतन्त्र थियो? प्रश्न उब्जाउँछ। साडे ६ मा उद्घाटन भयो। टुँडिखेल नै झलझलाकार भयो। निजामतीले भोलिपल्ट एकदिन र जङ्गीले दुई दिन बिदा पाए। खुशियालीमा जुवा फुक्यो। आजभन्दा ८५ वर्ष अघिको समाचार। गोर्खापत्रमा ८ जेठको उद्घाटनको समाचार १६ जेठमा छापियो। त्यतिबेलाको पत्रकारिता त्यस्तो थियो। क्या अनौठो!*

मेरो पत्रकारिताको प्रारम्भकाल वास्तवमै नेपालको पत्रकारिताको शैशवावस्थाको थियो। 'गोर्खापत्र' दैनिक थिएन। मुरारीकृष्ण शर्माले सुरु गर्नुभएको सानो आकारको 'आवाज' दैनिक पनि लामो समयसम्म बाँच्न सकेन। त्यसबेला नेपालको शैक्षिक अवस्था कहालीलाग्दो थियो। पाँच प्रतिशत मान्छे पनि साक्षर थिएनन्। प्रेसमा हातले सिसाका अक्षर कम्पोज र दिकम्पोज गर्नु पर्थ्यो। छाप्ने मेसिन खुट्टाले चलाउन पर्थ्यो। ग्यालीप्रुफ हेर्नुपर्थ्यो। हुलाकको अवस्था भरपर्दो थिएन। अखबार पढ्नेहरू प्राय: सरकारी कर्मचारी र केही राजनीतिक मान्छेहरू मात्र हुन्थे। तसर्थ अड्डा छुट्ने बेला नयाँसडकको पीपलको बोटमुनि पत्रिका बेचिन्थ्यो। वैदेशिक हुलाक सेवा भारतीय राजदूतावासअन्तर्गत थियो।

कहिलेकहिले यस्तै उस्तै विशेष समाचार हुँदा नयाँसडक पीपलको बोटमा यति भिड हुन्थ्यो त्यो चौतारामा बसेर पत्रिका बिक्री गर्न सम्भव हुँदैनथ्यो। आवाज वा हालखबर वा कल्पना, दियालो, उज्यालो जस्ता पत्रिकाको मूल्य दुई पैसाबाट सुरु भै चार पैसासम्म पुगेको थियो। चौतारामा बिक्री गर्न भिड भयो भने अखबारवाला मान्छे पीपलको बोटमा चढ्थे। तल पैसा लिने मान्छे अर्कै हुन्थे। तल पैसा असुल भएपछि मात्र रूखबाट यौटा-यौटा पत्रिका खसालिदिन्थे बल्ल हात पर्थ्यो ग्राहकको। यो स्थिति आजको पुस्ताका पत्रकारका लागि कल्पना-बाहिरको छ।

टेलिफोन सेवा पनि सारै सीमित मात्र थियो। तसर्थ रिपोर्टिङ गर्न धाउनै पर्ने। काठमाडौं बाहिरबाट रिपोर्टिङ गर्दा त अरू कठिन। आकाशवाणी सञ्चारको यौटा मात्र साधन। त्यो पनि सीमित सङ्ख्या र छोटो समय मात्र खुल्ने। यसकारण काठमाडौं बाहिरबाट तीनसय अक्षरभन्दा बढीको समाचार काठमाडौं आउँदैनथ्यो तत्कालीन प्रधानमन्त्रीकै भाषण भए पनि। विदेशी पत्रकारहरूले बाहिर खबर पठाउँदा आज जस्तो हैन त्रिपुरेश्वरको मोहन आकाशवाणी र अलि पछि सेन्ट्रल

टेलिग्राफ अफिस पुग्नुपर्थ्यो। यो स्थितिको अन्त भएको तीन दशकमात्र भएको छ होला नेपालको पत्रकारिता जगत्को ।

रोयटर र हिन्दूस्तान समाचार दुईवटा विदेशी समाचार संस्थाले टाइपराइटरमा टाइप गरेको समाचार बेच्थे यहाँका अखवारहरू र रेडियो नेपाललाई । ती टाइप गरेका समाचारका पाना लिन अखबारका मान्छे आफैं जानुपर्थ्यो। नेपालको समाचार पनि विदेशी समाचार संस्थाले बेच्थे। यस्तो स्थितिबाट अगाडि बढेको हो नेपालको पत्रकारिता। यो वस्तुगत अवस्थामा पत्रकारितामा व्यावसायिकता, नाफा आदिको कल्पना नै हुँदैनथ्यो । तसर्थ मिसन पत्रकारिता थियो, व्यावसायिकता थिएन त्यतिबेला। साप्ताहिक मञ्च निस्कन थालेपछि बल्ल पत्रिकाहरू नयाँ युगमा प्रवेश गरेको हो जस्तो लाग्छ। समाज, नयाँ समाज, नेपाल समाचारहरू चल्तीका पत्रिका थिए त्यसअघि ।

वस्तुतः म त्यही युगको उत्पादन हुँ। यदि म लोकसेवा आयोगको सेक्सन अफिसरको खुला प्रतियोगिताको परीक्षामा उत्तीर्ण भएअनुसार तत्कालीन सरकारले नियुक्त गरेको भए सायद पत्रकारितामा आउँदिन थिएँ र आज यो गरिमामय 'जगदम्बा-श्री' पुरस्कारबाट पुरस्कृत हुने उचाइमा पुग्दिनथें। म रहरले पत्रकारितामा प्रवेश गरेको प्राणी हैन, करले लागेको हुँ। सरकारी जागिरमा नियुक्ति नपाएर। तत्कालीन 'हालखबर' दैनिकमा त्यसपछिदेखि त मैले पत्रकारिता छोड्न खोजे पनि पत्रकारिताले मलाई छोड्दै छोड्दैन। तसर्थ पनि पत्रकारिताको सम्मानित माध्यममार्फत मुलुक र मुलुकवासीको सेवा गर्न पाउँदा गर्वको अनुभव हुन्छ र कताकता ठूलै मान्छे त भइनँ म ! भन्ने घमण्ड पनि हुन खोज्छ ।

अङ्ग्रेजी पढ्न नसकेकोले सारै-सारै दुःख पाएको छु । पत्रकारिताको रिपोर्टिङको फाँटमा। राष्ट्रसङ्घका महासचिव उ थान्त नेपाल आउँदा डा. सर्वापल्लि राधाकृष्णन्, मोरारजी देसाईहरूले नेपाल

भ्रमण गर्दा बडो मुस्किल परेको छ मलाई। चाउएनलाई, भोरोसिलो, इन्दिरा गान्धी, जयबर्धने, अयुब खाँहरूको राजकीय भ्रमणहरूमा पनि मलाई ग्लानी भएको छ अङ्ग्रेजी नजान्दा। यी चिप्ला खुड्किलाहरू पार गर्दै आज यो विशिष्ट मञ्चमा उभिन पाउँदा मभित्र यौटा यस्तो भावना उर्लिरहेको छ म भावविभोर एवं रोमाञ्चित भएको छु र सबैप्रति विनित भई आदर र सम्मान समर्पण गर्ने अनुमति माग्छु।

मैले पत्रकारितामा विश्वस्त स्थान बनाउन सक्नुका पछाडि केही मूलभूत तत्त्वहरू छन्। म पत्रकारिता नपढेको व्यक्तिले पत्रकारिता गर्न कति उकालो पर्‍यो होला यहाँहरू कल्पना गर्न सक्नुहुन्छ। म बढी दौडधूप गर्थे, आफैं पुग्थे, नबुझेको विषयमा प्रश्न गर्दैगर्दिनथें, शिष्टतापूर्ण व्यवहार गर्थें मसँग शिष्ट र सामान्य व्यवहार गर्नेहरूसँग। समयको निकै हेक्का राख्थें। यो समाचार फलानाले दिएको नभन्नु भनेपछि मरे पनि स्रोत खोल्दैनथें। स्रोतको सुरक्षा र गोप्यता नै मेरो सफलताको बाटो हो। कुनै पनि समाचारभूमिमा जाँदा मलाई समाचार दिने व्यक्तिलाई म समाचार दिन्थें, जसका कारण मलाई समाचार स्रोतहरू विश्वास गर्थे, स्नेह गर्थे र गुण मान्थे। बाध्य पारिएर दुईओटा स-साना घटनामा बाहेक पत्रकारिताको आधा शताब्दीभर कहिल्यै मेरो हात तल परेन। तसर्थ म आँखा जुधाएर बात मार्न सक्छु जोसँग पनि। मेरो पत्रकारिताका कठिनतम् अवस्थामा यी मेरा निर्देशक सिद्धान्त एवं गन्तव्य भए।

पैताला खियाएर दौडधूप गरेको फलस्वरूप धेरै थरी मान्छे भेटिने, त्यसबाट समाचार, घटना आदिबारे जानकारी पाउँथें र अप्रत्याशित रूपमै महत्त्वपूर्ण यस्ता कुराको छनक पाउँथें जसको खोजी गर्दा मेरो व्यक्तित्व निर्माण हुन र उचाइ थप्न ठूलठूला भूमिका निर्वाह भएको छ। यसर्थ पत्रकारिता मूलत रिपोर्टिङमा सक्रियता, बढी मानिससँगको विश्वस्त सम्पर्क मेरा आधार हुन् भन्ने मूल्याङ्कन छ मेरो। नत्र म आज यहाँ हुन्नथें।

पत्रकारितामा लागेर मैले ८ जना प्रधानमन्त्रीको रिपोर्टिङ गर्ने अवसर पाएँ। टङ्कप्रसाद आचार्य, डा. के.आई.सिंह, विश्वेश्वरप्रसाद कोइराला, डा. तुल्सी गिरी, सूर्यबहादुर थापा, कीर्तिनिधि विष्ट, नागेन्द्रप्रसाद रिजाल, लोकेन्द्रबहादुर चन्द, मरीचमान सिंहहरूको सङ्गत पाएँ। यौटा रिपोर्टरले यतिका धेरै प्रधानमन्त्रीसँग सङ्गत पाउने कमै पत्रकार होलान्। यो तीन दशकको पत्रकारिताको कुद्रत हो।

राससको लामो समयको सेवाबाट राजिनामा दिएपछिदेखि नै नेपाल वातावरण पत्रकार समूहमा संलग्न छु। यसैको प्रतिफल स्वरूप रेडियो सगरमाथाका थोरै कार्यक्रममा आफूलाई समर्पित गर्न पाएको छु। वास्तवमा रेडियोलाई मैले उचाल्न के सक्थें, किन्तु, रेडियोले मलाई स्थापित गराएको छ। तसर्थ म नेवापस र रेडियो सगरमाथाप्रति आभार प्रकट गर्ने आज्ञा चाहन्छु।

भाषाकै प्रसङ्ग उठ्दा मदन पुरस्कार गुठीले नेपाली भाषाको समुन्नति र उत्थानका निम्ति गरेको योगदानको भूरिभूरि प्रशंसा गर्छु। मलाई लाग्छ नेपालका सबै भाषा नेपालका ठूला सम्पत्ति हुन्। नेपाली भाषालाई समृद्ध, दरिलो र खिरिलो पार्न हाम्रा अन्य भाषालाई पनि उचाल्नै पर्छ। अरू भाषा विकास हुँदा अवश्य नै नेपाली भाषा पनि अरू मोटाउँछ भन्ने म मान्यता राख्छु। यसर्थ पनि मदन पुरस्कार गुठीले विविध भाषाभाषी नेपालवासीका भाषाहरूको उत्थानमा सार्थक सघाउ पुऱ्याउन पनि विनीत आग्रह गर्छु।

मेरो भनाइ लामो भएको र त्यसमा भएका त्रुटि र कमजोरीका निम्ति कर जोरी क्षमायाचना गर्छु। मलाई यस्तो अवसर प्रदान गर्ने मदन पुरस्कार गुठीप्रति पुनः आभार तथा कृतज्ञता स्वीकार गरिदिनुहुन प्रार्थना गर्दछु।